# बाल संरक्षण कार्य योजना

कटहरिया नगरपालिका

रौतहट

# विषयसूची


१. परिचय ..... ३

अध्ययनका उद्देश्यहरू ..... ४

२. अध्ययन पद्धति ..... ५

२.१ अध्ययन क्षेत्र ..... ५

२.२ डाटा संकलन विधिहरू ..... ५

२.३ कार्य योजना विकास प्रक्रियाका मुख्य चरणहरू ..... ५

२.४ फिल्डवर्क र गुणस्तरियताः ..... ७

२.५ तथ्यांकको व्यवस्थापन र विश्लेषणः ..... ७

२.६ नैतिकता ..... ७

३. बाल संरक्षण कार्य योजना ..... ८

४. निष्कर्षः ..... ११

५. एनेक्सः ..... १२

५.१ विषय मापन ..... १३

५.२ मुख्य कारण विश्लेषण (RCA) र समुदायमा रहेका क्षमता ..... १४

५.३ बालबालिकाको मूल कारण विश्लेषणः केटाहरु ..... १५

# १. परिचय

सन् १९९० मा बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि (UNCRC) को अनुमोदन पछि, नेपालले बाल अधिकारको प्रवर्द्धन र संरक्षण गर्न धेरै नीतिगत र कार्यक्रमगत स्तरका कदमहरू चालेको छ । नेपालमा बालअधिकारको महत्वपूर्ण चरणको रूपमा १९९० पछिको सन्दर्भमा बहुसंख्यक अन्तर्राष्ट्रिय समुदायको साझा सहमति छ (नर्वेजियन दूतावास, २०१५) । यस क्षेत्रमा प्रयोग गरिएका धेरै प्रयासहरू मध्ये, केही प्रमुख योजना र रणनीतिहरू निम्न अनुसार छन् । बालबालिकाका लागि राष्ट्रिय कार्य योजना (२००४/०५-२०१५), बालबालिका ऐन (१९९२ र २०१८ मा संशोधन गरिएको), बालबालिकासम्बन्धी विनियम (१९९५), बाल श्रम (निषेध र नियमन) ऐन (२०००) र बालश्रम तथा बालबालिकाको बेचबिखन सम्बन्धी अन्य कार्य योजनाहरू रहेका छन् । यसबाहेक, राष्ट्रले विद्यालयलाई शान्ति क्षेत्रको रूपमा ग्रहण गर्ने सन्दर्भमा मार्गदर्शन प्रस्तुत गरेको छ, बालमैत्री स्थानीय शासन (CFLG) र बालबालिकाविरुद्धको हिंसा अन्त्य गर्न दक्षिण एशियाली पहलहरूमा संलग्नता (SAIEVAC) नेपालका केही पूर्ण पहलहरू हुन् । यसबाहेक, सन् २०१९ मा राष्ट्रिय बाल अधिकार परिषद्ले अनुमोदन गरेको पाँच वर्षे रणनीतिक निर्देशनले पनि बालअधिकारलाई थप सुदृढ पार्ने बलियो जग बसालेको कारण पनि नेपाल सरकारको नीतिको तहमा बलियो जग तयार पारेको देख्न सकिन्छ ।

सन् २०१५ देखि, इस्लामिक रिलिफ नेपाल (IRN) ले विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू मार्फत कमजोर समुदायहरूलाई बलियो बनाउन र खाद्य सुरक्षाको क्षेत्रमा सहयोग र सुरक्षित जीविकोपार्जन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । IRN कुनै पनि धर्म, लिङ्ग, जाति तथा समुदामा रहेका मानिसहरूलाई कुनै पनि प्रकारको पूर्वाग्रह नराखी सेवा प्रदान गर्ने संस्था हो । यसबाहेक, समुदायमा सबैभन्दा जोखिममा परेका समूहहरूको सुरक्षा गर्ने, गुणस्तरीय शिक्षाको लागि वकालत गर्ने र समुदायमा स्वच्छ खानेपानी र सरसफाइसँग सम्बन्धित कामहरूलाई प्रवर्द्धन गर्ने परियोजनाहरूमा पनि यस संस्थाले जोड दिँदै आएको छ । IRN ले विशेष गरी नेपालको रौतहट जिल्लामा बसोबास गर्ने जोखिममा परेका समुदायबाट बेचबिखनको जोखिममा परेका बालबालिकाको सुरक्षालाई सुदृढ पार्ने परियोजनामा ध्यान केन्द्रित गरिरहेको छ । सामाजिक आर्थिक सूचकका हिसाबले कमजोर रहेको जिल्लामा हरेक पाँचमध्ये दुई जना राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन् । यसरी, IRN द्वारा कार्यान्वयन गरिएका परियोजनाहरू शिक्षा र सुरक्षा सेवाहरू मार्फत निवारक उपायहरू प्राप्त गर्नमा केन्द्रित रहेको छ । यसका साथै, यी कमजोर आर्थिक अवस्था भएका बालबालिकाका परिवारहरूलाई जीवन निर्वाह गर्नको लागि सहायता पनि प्रदान गरिरहेको छ ।

यस परियोजनाले रौतहटका स्थानीय सरकारका एकाइहरूमा बाल संरक्षणको क्षेत्रमा स्थानीय तहका सरोकारवालाहरूसँग नजिकबाट काम गरी बाल संरक्षण संयन्त्रलाई बलियो बनाउने लक्ष्य राखेको छ । कटहरिया नगरपालिकामा रहेका बालबालिकालाई परम्परागत रुढीबादी चलनबाट जोगाउन र उत्थानशील समुदायको निर्माण सुनिश्चित गर्न बाल संरक्षण कार्ययोजना र बाल सुरक्षा नीतिहरू निर्माण गर्नु परियोजनाको लक्ष्य रहेको हो ।

IRN को स्थानीय परियोजना कार्यान्वयन साझेदार ग्रामीण विकास केन्द्र (RDC) नेपालको रौतहट जिल्लामा बाल संरक्षण र उनीहरूको कल्याणको क्षेत्रमा प्रमुख संस्थामध्येको एक हो । रौतहटमा मुख्यालय रहेको सन् २००२ मा स्थापित, RDC एक गैर-सरकारी, गैर-राजनीतिक र गैर-नाफामुखी संस्था हो ।

RDC ले स्थापनाकालदेखि नै मानवीय सहायता, सामुदायिक विकास, स्थानीय प्राकृतिक स्रोतको संरक्षण र मुख्यतया नेपालको तराई र पहाडी क्षेत्रमा वातावरण संरक्षणमा धेरै मानवीय र दीर्घकालीन विकास परियोजनाहरू मार्फत ठूलो योगदान पुऱ्याउँदै आएको छ । त्यस्तै, बालबालिका, युवा वयस्क, केटा र केटी, महिला, भूमिहीन, सहरी क्षेत्रका गरिब, अपाङ्गता भएका व्यक्तिहरू, द्वन्द्व र प्रकोपबाट बाँचेकाहरू, एचआईभी संक्रमित व्यक्तिहरू, र परम्परागत रूपमा सीमान्तकृत दलित र मुस्लिम र आदिवासी समुदायलाई पनि लाभ हुने काम गर्दै आरहेको छ ।

रौतहट जिल्ला नेपालको दक्षिण भेगस्थित मधेस प्रदेशमा पर्ने समतल भौगोलिक अवस्था भएको एक महत्वपूर्ण जिल्ला हो । नेपालको कुल जनसंख्यामध्ये पाँचमध्ये एक जना रहेको यस जिल्लाको कूल जनसंख्या ६८ लाख ६० हजार रहेको छ । यस जिल्लामा मुख्यतया युवाहरुको संख्या अर्थात् जनसंख्याको औसत उमेर २० वर्ष र जनसंख्याको आधाभन्दा बढी २० वर्ष मुनिका छन् । त्यसैगरी, औसतमा प्रतिघरपरिवार जनसंख्याको आकार ६.४४ रहेको छ। यो तथ्यांक राष्ट्रिय औसत घरपरिवारको आकारभन्दा १३० प्रतिशत बढी हो । गरिबीको आयामबाट हेर्दा एक तिहाइ जनतालाई गरिबीको रूपमा वर्गीकृत गरिएको छ, जहाँ चारमध्ये एक जना राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन् । त्यस्तै,


नेपालको प्रतिव्यक्ति आम्दानी १ हजार १ हजार १ सय ६० अमेरिकी डलर भए पनि यस जिल्लाको प्रतिव्यक्ति आय राष्ट्रिय प्रतिव्यक्ति आय भन्दा झण्डै कम, औसतमा ७३७ अमेरिकी डलर मात्रै रहेको छ ।

## अध्ययनका उद्देश्यहरू

अध्ययनको मुख्य उद्देश्य 'नगरपालिका स्तरीय कार्य योजनाका निर्माण/विकास' हो जसले बाल संरक्षणका मुद्दाहरू, खाडलहरू, खराब अभ्यासहरू, अवरोधहरू, संयन्त्रलाई सुदृढ गर्ने अवसरहरूको उठान गर्दछ, बाल सुरक्षा मार्गहरू कार्यान्वयनका लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नीतिहरुमा विकल्पहरु प्रदान गर्दछ त्यस्तै, कार्यान्वयनको लागि उत्तम विकल्पको सिफारिस पनि गर्दछ ।

### *कटहरिया नगरपालिका: एक अवलोकन*

नेपाल सरकारले रौटहट जिल्लामा सन् २०१७ मा संघीय प्रणाली लागू गरेपछि स्थापना भएका कुल १८ स्थानीय तहमध्ये कटहरिया नगरपालिका पनि एक हो (नेपाल राजपत्र, २०१७) । कटहरिया नगरपालिकाको कुल क्षेत्रफल ४०.६९ वर्गकिलोमिटर रहेको छ । यस नगरपालिकामा ३८ हजार ४१३ (महिला: १६,६५९ र पुरुष: १९,८४३) जनसंख्या रहेको छ । जनगणनाको तथ्यांकअनुसार नगरपालिकामा ५ हजार ९१९ घरधुरी बसोबास गर्दै आएका छन् । यसबाहेक, नगरपालिकाको औसत घरपरिवारको आकार ६.४९ सँगै लिङ्ग अनुपात १०६.८६ रहेको छ ।




सन् २०११ को जनगणना प्रतिवेदन अनुसार १९ वर्ष मुनिको कुल जनसंख्या १९,५४६ (महिला: ९,३५८ र पुरुष: १०,१८८) रहेको थियो । यहाँ ध्यान दिनुपर्ने कुरा के भने, ० देखि १८ वर्षको उमेर समूहको अधिकारिक तथ्यांक उपलब्ध थिएन । जनगणनाबाट उपलब्ध फरक उमेर समूहको आधारमा, १४ वर्ष मुनिका बालबालिकाको कुल संख्या १६,१८७ (महिला: ७,८१६ र पुरुष: ८,३७१) रहेको छ।

नगरपालिकाको प्रतिव्यक्ति आम्दानी जिल्लाको बराबर अर्थात ७३७ अमेरिकी डलर हुने अनुमान गरिएको छ । साथै, नगरपालिकाको मानव विकास सूचकांक (HDI) ०.३७ छ जुन जिल्लाको ०.३८६ (युएनडीपी, २०१६)को तुलनामा अलि कम छ । नगरपालिकामा विद्यमान शिक्षाको अवस्था हेर्दा, पछिल्लो जनगणनाको तथ्यांकले आधाभन्दा बढी वयस्क जनसंख्या (५५.७४%) पढ्न र लेख्न नसक्ने देखाएको छ । त्यस्तै गरी, आधिकारिक रूपमा साक्षरको रूपमा वर्गीकृत वयस्कहरूको कुल अनुपात दुई-पाँच (४१%) रहेको पाइएको छ । त्यस्तै, ५ देखि २५ वर्षसम्मका बालबालिका र किशोरकिशोरीमध्ये झण्डै आधाजसो विद्यालय बाहिर वा उच्च शिक्षाबाट बाहिर रहेका छन् ।

कटहरिया नगरपालिकामा बसोबास गर्ने प्रमुख जाति वा जातीय समूह यादव (२२.१२%), त्यसपछि मुस्लिम (१०.५४%) रहेका छन् । अति सीमान्तकृत समूहका हिसाबले टाट्मा समुदायले कुल जनसंख्याको करिब ८% प्रतिनिधित्व गरेको रेकर्ड गरिएको छ भने सामाजिक रूपमा बहिष्कृत तराईका दलितहरू (ताटवा, तेली, चमार, कुशवाहा र अन्य) कूल जनसंख्याको करिब पाँच भागको एक भाग रहेका छन् ।

नगरपालिकाको अपाङ्गता क्षेत्रको स्थितिको मूल्यांकन गर्ने विभागका अनुसार जनसंख्याको १.३८% मा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको पाइएको छ ।

# २. अध्ययन पद्धति

अध्ययन टोलीले कटहरिया नगरपालिकाको सामाजिक–आर्थिक र कानूनी क्षेत्रको मूल्यांकन गरी समुदायका प्रमुख सरोकारवालाहरूको दृष्टिकोण र विषयसँग सम्बन्धित विचारहरू संकलन गरेको थियो । यसबाहेक, विशेष गरी पिछडिएका र बहिष्कृत/सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व वा प्रभाव पार्ने सम्बन्धित सरोकारवालाहरूबाट मुख्य सरोकार र सुझावहरू संकलन गर्न समावेशी धारणाहरुको प्रयोग गर्नमा प्रमुख रुपले ध्यान केन्द्रीत गरिएको थियो ।

अध्ययन टोलीले समुदायमा बसोबास गर्ने सीमान्तकृत र जोखिममा परेका बालबालिकाहरुको समावेश सुनिश्चित गर्न उद्देश्यपूर्ण नमूनाहरुको परीक्षण गरेको थियो । अध्ययनको क्रममा १० वटा समूहिक छलफलहरु (FGD) गरिएको थियो । ति छलफलहरुमा अभिभावक, स्थानीय रूपमा निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय कानूनका प्रवर्तक, प्रमुख सरोकारवालाहरूका साथै सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व गर्ने विद्यालय, शिक्षक, समुदाय, बाल क्लबहरूमा बालबालिकाहरूको सहभागितामा मुख्य जोड दिइएको थियो ।

## २.१ अध्ययन क्षेत्र

अध्ययनले कटहरिया नगरपालिकाका नौ वटा वडालाई समेटेको थियो ।
अध्ययनले असाइनमेन्ट पछ्याउने क्रममा IRN/RDC द्वारा प्रदान गरिएको सन्दर्भ सर्तहरू (ToR) मा उल्लेखित दिशानिर्देशनहरुको पालना गरेका थियो ।

## २.२ डाटा संकलन विधिहरू

प्रारम्भिक प्रतिवेदन तयार गर्ने प्रक्रिया र कार्य योजनाको मस्यौदा तयार गर्दा, विद्यमान परियोजना प्रतिवेदन, परियोजनाका कागजातहरू र अन्य सान्दर्भिक सामग्रीहरूको संख्यात्मक तथ्यांक अध्ययनलाई पूरक बनाउन प्रयोग गरियो । यो परामर्श संलग्नताले परियोजना दृष्टिकोणबाट सिकाई/ज्ञानलाई समेटेको छ ।

***सन्दर्भ सामग्री/दस्तावेजहरुको समीक्षा:*** यस प्रकृयाको महत्वलाई अझै विशिष्ट र परिष्कृत बनाउनको लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति परिदृश्यको गहन सन्दर्भ सामग्री तथा दस्तावेजहरुको समीक्षा कार्य योजनामा समावेश गरिएको थियो । अध्ययनको क्रममा गरिएका अध्ययनका केही प्रमुख प्रतिवेदन तथा कागजातहरू तल उल्लेख गरिएका छन् ।

- राष्ट्रिय र अन्तर्राष्ट्रिय बाल संरक्षण नीति दिशानिर्देशहरू
- नगरपालिकाको नीति र दिशानिर्देशहरू
- RDC तथा IRN को बाल संरक्षण नीतिहरू
- परियोजना तार्किक संरचना/ढाँचा
- परियोजना आधारभूत रिपोर्ट
- प्रगति प्रतिवेदन
- निगरानी प्रतिवेदन
- अध्ययन भ्रमणको प्रतिवेदन
- बैठकका कार्यवृत्त (माइन्युट)
- अन्य उपयोगी कागजात/वस्तुहरु

## २.३ कार्य योजना विकास प्रक्रियाका मुख्य चरणहरू

कटहरिया नगरपालिकाले नेपालको नयाँ संविधान २०१५ को भावना अनुरुप नयाँ नीति, ऐन, कानूनी संरचना र सञ्चालन निर्देशिका तर्जुमा गर्दै छ । केही वर्ष अघि मात्रै गठत भएको नगरपालिका प्राविधिक र आर्थिक क्षमताका हिसाबले प्रारम्भिक चरणमा नै रहेकाले कटहरिया नगरपालिकाले केही प्रमुख नीति तथा नियमावली तर्जुमा गर्ने सन्दर्भमा सराहनीय प्रयास थालेको छ । नगरपालिका आफै नयाँ

भएको सन्दर्भमा ठूलो प्रयासको बाबजुद नगरपालिकामा बाल संरक्षण नीति र कार्य योजनाहरू उपलब्ध छैनन् । सोही कारण, RDC र IRN सँगको परामर्श टोलीको कामको दायरा भनेको प्रमुख निर्णय गर्ने र निर्णयमा प्रभाव पार्ने सरोकारवालाहरूलाई त्यस्ता नीतिहरू र कार्य योजनाहरूको अनिवार्यतामा पालिका स्तरमा संवेदनशील बनाउनु हो । त्यसपछि, प्रतिवेदनको यस खण्डको नमूना भागमा उल्लेख गरिएअनुसार समुदायका विभिन्न समूहहरूसँग परामर्शको श्रृङ्खलाहरुको आयोजित गरियो । यसबाहेक, समुदायमा माथि उल्लिेखित सरोकारवालाहरूसँगको संरचित छलफल र अन्तर्वार्ताले टोलीलाई बालमैत्री स्थानीय सरकारको प्रवर्द्धन गर्ने यात्रामा अर्थपूर्ण मूल्य थप्न नयाँ बाल संरक्षण नीति र कार्य योजनाहरू तर्जुमा गर्नका लागि मुख्य मुद्दाहरू र जानकारीहरू लिन सक्षम बनायो ।

- ***स्थानीय स्तरमा योजना समूहको गठन***

कार्य योजना मस्यौदा प्रक्रियाको प्रारम्भिक चरणमा स्थानीय समुदायका प्रमुख सरोकारवालाहरू सम्मिलित स्थानीय योजना समूहको गठन भएको थियो । यी सरोकारवालाहरूमा स्थानीय रूपमा निर्वाचित स्थानीय जनप्रतिनिधिहरु (मेयर र उपमेयर, वडाध्यक्ष र वडा सदस्यहरू), बाल संस्थाका प्रतिनिधिहरू, बाल क्लबका सदस्यहरू, स्थानीयहरु, अपाङ्गता भएका व्यक्तिहरू, शिक्षकहरू र समुदायमा बसोबास गर्दै आएका वा काम गर्दै आएका केही प्रमुख व्यक्तिहरु थिए । सरोकारवाला तहको छलफलको प्रक्रियामा, RDC र IRN का सल्लाहकार र प्रतिनिधिहरूले बाल संरक्षण नीति र कार्य योजनाको आवश्यकतामा मुख्य सरोकारवालाहरूको मुख्य भूमिका र जिम्मेवारीहरूका साथै अग्रिम प्रयासका लागि आफ्नो प्रतिबद्धताहरूमा ध्यान केन्द्रित गरेका थिए । माथि उल्लिेखित गतिविधि पछ्याउँदै, टोलीले सबै वडा अध्यक्षहरू, स्थानीय कानून प्रवर्तनका प्रतिनिधिहरू, र समुदायको लागि काम गर्दै आएका संस्थाहरु (CBO) सँग अन्तर्वार्ता लिए । यसका साथै सीमान्तकृत समूहका आमा समूह, बालबालिका, युवा, बाल क्लब सदस्यहरू जस्ता विभिन्न सरोकारवालाहरूसँग श्रृङ्खलाबद्ध छलफलहरू गरियो ।

- ***समुदायको लागि योजनाको वर्णन/व्याख्या***

नगरपालिका स्तर र वडा स्तरमा योजना समूहहरूको गठन पछि, विशेष गरी बाल संरक्षणको दृष्टिबाट बालबालिकाहरूले सामना गर्नुपर्ने मुख्य समस्याहरू छलफल गर्न केन्द्रित कार्यहरू अन्वेषण र टिपोट गरियो । उदेश्यको विवरणहरु तल उल्लेख गरिएको छ ।

- *बाल संरक्षण प्रणालीका लागि सपनाहरू:* नगरपालिकाको आवश्यकतालाई सम्बोधन गर्ने बलियो बाल संरक्षण संयन्त्रको तर्जुमा गरी समुदायमा बालबालिकाको हितसँग सम्बन्धित स्थानीय सरोकारवालाहरूको आकांक्षा ।
- *सफल बाल संरक्षण प्रणाली कस्तो देखिन्छ:* बाल संरक्षण प्रणालीको अन्तिम लक्ष्य र भविष्यका दृष्टिकोणहरू छलफल गरियो:
- *कुराहरु कस्तो हुनुपर्छ:* स्थानीय स्तरमा बाल संरक्षण नीति र कार्य योजनाहरू तर्जुमा गर्दा ध्यान दिनुपर्ने मुख्य क्षेत्रहरू के हुन् भनेर समुदायका सदस्यहरू र स्थानीय सरकारका सरोकारवालाहरूसँग छलफल गरियो ।
- *वस्तुहरु त्यो तस्वीरसँग मिल्दोजुल्दो भएमा मानिसहरू र अवस्थाहरू कस्तो देखिने थिए:* बाल संरक्षण संयन्त्रहरूको उपस्थिति बिना बाल संरक्षणको अवस्था कस्तो देखिन्छ भन्ने परिदृश्यहरू: र भविष्यमा बालबालिका संरक्षण नीतिहरू र कार्य योजनाहरू समुदायमा कस्तो देखिन्छन् भन्ने कुराको सुनिश्चितताका लागि हस्तक्षेपहरूले दीर्घकालीन रूपमा प्रभाव पार्ने कुरा सुनिश्चित गर्न स्थापना गरिएको थियो ।

उदेश्य केन्द्रीत छलफल प्रक्रिया पछि, प्रक्रियाको क्रममा टिपोट गरिएका कथनहरूलाई क) सांराश, ख) सकारात्मकता, ग) स्वीकृति, र घ) किन सँगै समूह आएको भन्ने अभिव्यक्तिमा स्पष्टता जस्ता सरल शुद्धिकरण मापदण्ड प्रयोग गरेर धेरै पटक परिमार्जन गरियो ।

***सामूहिक छलफल (FGD):*** रौतहटका बालबालिकाको वर्तमान अवस्था, सरकारी प्रतिक्रिया र विद्यमान बाल संरक्षण प्रणालीमा रहेको कमीको मूल्यांकन गर्न बालबालिका र समुदायका व्यक्तिहरू संलग्न रहेको सामुदायिक स्तरमा जम्मा १० वटा सामूहिक छलफल (FGD) हरू गरियो । हरेक FGD को लागि औषतमा ८ देखि १० सहभागीहरूलाई आमन्त्रित गरिएको थियो । हरेक FGD हरुमा FGD को दिशानिर्देशनको पूर्ण रुपमा पालना गरिएको थियो । FGD मा सहभागीहरूलाई छलफलको उद्देश्य, स्थान र समयको बारेमा पूर्व सूचित गरिएको थियो । छलफलहरु निकै सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएका थिए । सहजकर्ता, टिपोट लिने र सहभागीहरू बीच लैङ्गिक अनुकूलताको पनि ख्याल राखिएको थियो । FGD अगाडि यसको दिशानिर्देशनहरु अनुसार पूर्व तयारीहरु भएका थिए । यसक्रममा पूर्व परीक्षण गरिएको थियो भने हरेक लक्षित समूहहरूको सहभागितामा पनि थियो । छलफलहरूपछि सहभागीहरूको सहमतिमा टिपोट र टेप–रेकर्डमा रेकर्ड पनि गरियो । अडियो टेप र टिपोटहरु नेपाली भाषामा उल्था गरि अंग्रेजीमा अनुवाद गरिएको थियो । FGD को

निष्कर्षहरू सोधपुछ अन्तर्गत विभिन्न विषयगत मुद्दाहरूलाई अलग गरेर विश्लेषण गरियो । कूल १० वटा FGD बालबालिका, उनीहरूका आमाबाबु र कमजोर समूहका समुदायका सदस्यहरूसँग सञ्चालन गरिएको थियो ।

***मुख्य सूचनादातासँगको अन्तर्वार्ता (KII):*** परियोजनाको केन्द्रीय व्यक्तिले सुझाव दिए बमोजिम साझेदारहरू, जिल्ला हधिकारीहरू र समन्वय एकाइ (फोकल पर्सन), स्थानीय तहका सरकारका प्रतिनिधिहरू र लाभग्राहीहरुसँग मुख्य सूचनादाता अन्तर्वार्ताहरू सञ्चालन गरियो । कुल वडा अध्यक्ष ९, नगरपालिकाका मेयर १, उपमेयर १, सीबीओका प्रतिनिधि (३), सेवा प्रदायक (४) र स्थानीय प्रमुख सरोकारवाला (३) गरी कुल २१ वटा (KII) सञ्चालन गरिएको थियो ।

***ओगटिएको जनसंख्या:*** परामर्शको क्रममा, कम्तिमा १२७ जना (KII बाट २१ र FGD बाट १०६): २६ जना बालबालिका (१२ केटी, १४ केटा), ८० जना स्थानीय स्तरका (५१ महिला: २९ पुरुष), ११ जना स्थानीय सरकारका प्रतिनिधिहरु (१ महिला: १० पुरुष), ३ जना सेवा प्रदायकहरू (१ महिला: २ पुरुष), र ४ जना स्थानीय स्तरमा ख्याति कमाएका व्यक्तिहरू (१ महिला, ३ पुरुष)हरु समक्ष बाल संरक्षण कार्य योजना र नीति संक्षिप्त मस्यौदा गर्न क्षेत्र अध्ययन टोली पुगेको थियो ।

***तालिम, पूर्व–परीक्षण र तथ्यांक संकलन:*** क्षेत्रीय पर्यवेक्षक र अनुसन्धानकर्ताहरूका लागि (RDC/IRN) ले फिल्डमा प्रस्थान गर्नुअघि तालिमको आयोजना गरेको थियो । गुणास्तरिय तथ्यांक संकलन, नीतिहरु तथा विभिन्न परिदृश्यहरूबारे जानकारी दिनको लागि तालिमको आयोजना भएको हो । तालिम पश्चात छनोट गरिएको एउटा वार्डमा पूर्व–परीक्षण समेत गरिएको थियो । प्रशिक्षणको प्रतिवदेन टोलीसँग एजेन्डाहरु पनि वितरण भएको थियो । RDC नेपालको परियोजना टोलीका कर्मचारी सहयोगमा परामर्शदाताहरूले तथ्यांक संकलन गरेका थिए । तथ्यांकहरु पूर्वनिर्धारित मिति (२० अगस्ट, २०२१ देखि ३० अगस्ट, २०२१) मा भएका थिए । यसै अवधिमा काठमाडौँ - रौतहटको यात्रा पनि भएको थियो । सहयोगी कर्मचारीहरु समान भौगोलिक क्षेत्र र स्थानबाट नियुक्त गरिएको थियो साथै, उहाँहरु सम्भव भएसम्म स्थानीय संस्कृतिसँग परिचित, स्मार्टफोनको आधारभूत साक्षरता र भाषासँग परिचित भएका कर्मचारीहरू नियुक्त भएका थिए । महिला सहभागीहरूको अन्तर्वार्ता महिला कर्मचारीहरुले नै लिनुभएको थियो ।

***तथ्यांक संकलन:*** RDC/IRN सँगको परामर्शमा परामर्शदाताले तथ्यांक संकलनका लागि कायगत बुँदा, सामुदायिक स्तरका घटनाहरू र सरोकारवालाहरूको सूची तयार पारेको थियो । परियोजना टोलीले कार्यसूची अनुमोदन गरेपछि परामर्शदाता र टोलीले अन्तर्वार्ता र FGD को लागि सहभागीको छनोट गरेको थियो ।

## २.४ फिल्डवर्क र गुणस्तरियता:

अनुसन्धानकर्ताको व्यापक अभिमुखीकरणपछि मात्र फिल्डमा पठाइएको RDC नेपालको परामर्शदाता टोली र परियोजना टोलीमार्फत सर्वेक्षणको जानकारी संकलन गरिएको थियो । क्षेत्र अध्ययन टोलीलाई संस्थाबाट अपेक्षाहरू राम्रोसँग व्यक्त गरिएको सुनिश्चित गर्न RDC टोलीको उपस्थितिमा अभिमुखीकरण गरिएको थियो । सबैभन्दा महत्वपूर्ण कुरा, परियोजना टोली र अध्ययन टोलीद्वारा 'चेकलिस्ट' अनुसार काम गर्ने समूहहरू (RDC र IRN का प्रमुख कर्मचारीहरू सहित) सँग आवधिक समीक्षा बैठक सम्पन्न गरिएको थियो ।

## २.५ तथ्यांकको व्यवस्थापन र विश्लेषण:

सहभागीतामूलक मूल्यांकन विधिमार्फत गुणात्मक तथ्यांक (Qualitative data) संकलन गरिएको थियो । टोलीले लगनशिल व्यक्तिहरुलाई बुँदा टिपोटकर्ताको रुपमा खटाएको थियो जसले स्थलगत भ्रमणको क्रममा टिप्पणीहरू, तस्बिरहरु र उद्धरणहरू सहितका जानकारी संकलन गर्ने जिम्मेवारी पाएका थिए । संकलित तथ्यांकलाई एउटै टोलीद्वारा विषयगत रूपमा विश्लेषण गरिएको थियो र टोली नेतृत्वद्वारा व्याख्या गरिएको थियो ।

## २.६ नैतिकता

स्थलगत टोली र परामर्शदाताहरूद्वारा मानव विषय अनुसन्धान नैतिकताको कडा रुपमा पालना भएको थियो । अनुसन्धानको क्रममा गुमनामता, गोपनीयता तथा सहमतिको पूर्ण रुपमा पालना भए । यस परामर्श संलग्नतामा, टोलीद्वारा क्षेत्र विधिहरूको कार्यान्वयनमा संवेदनशीलतामाथि ख्याल पुऱ्याइएको थियो । जानकारी संकलन पूर्व सहमति मार्फत गरिएको थियो यसको लागि स्तरिय सहमति पत्र फारम तथा अन्य व्यवस्थाहरु गरिएका थिए । स्थलगत भ्रमणमा जाने टोलीहरुलाई मानविय विषय अनुसन्धानको नैतिकताको पालना

गर्नुपर्ने कुराको जानकारी गराइएको थियो । त्यस्तै, परामर्शदाता र अनुसन्धानकर्ताहरूले हुनै हानी तथा गोपनियता भंग नहुने ठाउँबाट अन्तर्वार्ता लिनेहरूबाट सहमति पत्र संकलन गरेका थिए ।

## ३. बाल संरक्षण कार्य योजना

यस खण्डमा कटहरिया नगरपालिकाबाट सामुदायिक स्तर र नगरपालिका स्तरका सरोकारवालाहरूबाट प्राप्त निष्कर्ष र सिफारिसहरूको आलोचनात्मक विश्लेषण पछि विकास गरिएको बाल संरक्षण कार्य योजना समावेश छ । कार्य योजना छलफलको श्रृंखलामा आधारित छ जहाँ सहभागीहरू मुख्य बाल–सम्बन्धित समस्याहरू थिए र सहभागीहरूले सुझाव दिएका समाधानहरू अगाडि बढाइएका थिए (एनेक्स) ।

| १. कटहरिया नगरपालिकाको आन्तरिक प्रणाली र क्षमता अभिवृद्धि गर्ने<br>**जिम्मेवार (नेतृत्व):** उपमेयर<br>**जवाफदेही:** मेयर<br>**परामर्श गरिएको:** बालबालिका र बाल क्लबहरू<br>**सूचित:** स्थानीय कानून प्रवर्तन प्रतिनिधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **कार्य** | **सूचक** | **२०२२** | **२०२३** | **२०२४** | **२०२५** | **२०२६** |
| १.१ | हरेक बालबालिकालाई सामाजिक भेदभावलगायत सबै प्रकारका शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारबाट जोगाउने प्रणालीको विकास गर्ने | सबै तहहरूमा सुरक्षा प्रणालीहरूको सृजना गरि मूलधारमार्फत प्रवाह गर्ने | १ | १ | १ | १ | १ |
| १.२ | बालश्रम, बालविवाह र अन्य कुनै पनि प्रकारका हिंसाका घटनाहरूलाई घटाउने वा उन्मूलन गर्ने | बालविवाह, बालश्रम, लैङ्गिक भेदभाव र अन्य प्रकारका हिंसा जस्ता हानिकारक अभ्यासलाई निरुत्साहित गर्न नगरपालिकाले व्यापक सचेतना अभियान सञ्चालन गर्ने | २ | ५ | ५ | ६ | ७ |
| १.२ | बालबालिकाहरुलाई सामाजिक सुरक्षा सुनिश्चित गर्ने (जन्म दर्ता, स्वास्थ्य, पोषण, शिक्षा, खेलकुद र शारीरिक विकास र अन्य) | बालबालिकाको सामाजिक सुरक्षा कार्यक्रममा पहुँच बढाउन नगरपालिकामा व्यापक सचेतना अभियान सञ्चालन गर्ने | २ | ४ | ६ | ७ | ७ |
| १.३ | बालबालिकासँग सम्बन्धित सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने | बाल कल्याण सम्बन्धी मुद्दाहरू रेकर्ड गर्न व्यवस्थित तथ्यांक व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्ने | ० | १ | १ | १ | १ |
| १.४ | बालबालिकालाई बर्जित, बेचबिखन वा अन्य कुनै पनि प्रकारको सुरक्षासम्बन्धी मुद्दाहरूबाट जोगाउन जनचेतना बढाउने | बालबालिकालाई उलंघन, बेचबिखन वा अन्य कुनै पनि प्रकारको सुरक्षासम्बन्धी समस्याबाट जोगाउन नगरपालिकाभित्र व्यापक रुपमा सचेतना अभियान सञ्चालन गर्ने | २ | ४ | ५ | ६ | ६ |
| १.५ | बाल संरक्षणका लागि काम गर्ने बालबालिका र अन्य सञ्जालहरू पहिचान गर्ने र तिनीहरूको क्षमताहरू निर्माण गर्ने | स्थानीय तहका नीतिहरू तर्जुमा गर्न बाल सञ्जालहरूसँग नजिकको समन्वयमा टेबल छलफलहरू सञ्चालन गर्ने | ० | १ | १ | १ | १ |
| १.६ | धेरै जसो जोखिममा रहेका तथा | जोखिममा रहेका र बहिस्करणमा | ० | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बहिस्कृत भएका बालबालिकालाई पहुँच प्रदान गर्न प्रारम्भिक बाल्यकालको विकास विस्तार गर्ने | परेका बालबालिकाको पहुँच बढाउन नगरपालिकाका व्यापक कार्यक्रमहरू सुरु गर्ने | | | | | |
| १.७ | बालमैत्री स्थानीय शासन सुनिश्चित गर्ने (बालबालिकाको सर्वोत्कृट हित, उनीहरूको सर्वाङ्गीण विकास, सहभागिताको सिद्धान्तमा आधारित, स्थानीय सरकारको संयन्त्रमार्फत उनीहरूको अधिकार र संरक्षणको सम्मान गर्ने) | बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रवर्द्धन गर्न योजना र नीतिहरू तर्जुमा गर्ने | ० | १ | १ | १ | १ |
| १.८ | बार्षिक नगर सभा अघि बालबालिका र अन्य सरोकारवालाहरूसँग बृहत छलफल र परामर्श प्रबन्ध गर्ने बालबालिका अट्ने योजना समावेश गर्न र उचित बजेट विनियोजन सुनिश्चित गर्ने | बालबालिका र स्थानीय स्तरका सरोकारवालाहरूसँग त्रैमासिक बैठकहरू सुरु गर्ने, जसले बालबालिकालाई बजेट प्रक्रियामा सहयोग गर्न प्रभाव पार्ने मुख्य क्षेत्रहरू पहिचान गर्ने | १ | ४ | ४ | ४ | ४ |
| १.९ | कटहरिया नगरपालिका बाल संरक्षण नीति र यसका सहायक उपकरणहरूको पहुँच विस्तार गर्ने | व्यक्तिगत बाल संरक्षण ब्रीफिङ्ग कार्यशाला पाठ्यक्रमको संख्या विकसित गर्ने | ९ | २८ | १९ | १५ | १५ |
| १.१० | बाल संरक्षण ब्रीफिङ अनिवार्य बनाउने र कर्मचारी, स्वयंसेवक, प्रशासन, र बाह्य एजेन्सीहरू वा व्यक्तिहरू मार्फत करारमा भएका कर्मचारीहरू लगायत सम्बन्धित नगरपालिकाका कर्मचारीहरूले पूरा गरेको सुनिश्चित गर्ने | नगरपालिकाका कर्मचारी र प्रमुख सरकारी कर्मचारीहरू (शिक्षक, वडा अध्यक्ष, सदस्य, स्वयंसेवक)का लागि बाल सुरक्षा ब्रीफिङ अनिवार्य गरिएको | २०% | ४०% | ७५% | ९०% | १००% |
| | | बाल संरक्षण ब्रीफिङ पूरा गर्ने नगरपालिकाका कर्मचारीहरूको प्रतिशत | २०% | ६०% | ८०% | १०० % | १००% |
| १.११ | कटहरिया नगरपालिका र कर्मचारी, ठेकेदार, स्वयंसेवक र परामर्शदाताहरू जस्ता साझेदारहरू बीचको कानुनी सम्झौताको अंशको रूपमा बाल संरक्षण खण्डहरू समावेश गर्नुहोस | बाल संरक्षण समावेश गर्ने कानुनी सम्झौताहरूको संख्या | १ | १ | १ | १ | १ |
| १.१२ | उत्तरदायित्व, मानव संसाधन र कर्मचारीहरूको भर्ती, प्राप्त सूचनाह?को संचार गर्ने वा अनुसन्धान गर्ने, कर्मचारीहरूलाई जवाफदेही बनाउने, लगायतका मुद्दाहरूको लागि कानुनी ढाँचामा बाल संरक्षण समावेश गर्ने | बाल संरक्षणलाई एकीकृत गर्ने मुख्य ढाँचाहरूको संख्या | १ | १ | १ | १ | १ |
| १.१३ | आपतकालिन अवस्थामा समेत बालबालिकासँग अन्तरक्रिया गर्ने नगरपालिकाका कर्मचारीहरूले उपयुक्त र प्रभावकारी सुरक्षाको उपायको अवलम्वन सुनिश्चित गर्ने | स्क्रिन गरिएको प्रासंगिक कर्मचारीहरूको प्रतिशत | १०% | २०% | ५०% | ७०% | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१४ | सबै समुदायमा आधारित संस्थाहरूसँग बाल संरक्षण नीतिहरू छन् भनी सुनिश्चित गर्न, वा अन्यथा तिनीहरूको नीति ढाँचाभित्र बाल संरक्षणको न्यूनतम मापदण्डहरू पूरा गर्नको लागि व्यापक संकल्प वा समान प्रक्रियाको विकास गर्ने | प्रक्रियालाई समर्थन गर्न कार्यदल विकास गरियो | | | | | हो |
| | | बाल संरक्षण नीति सम्बन्धी प्रस्ताव स्वीकृत | | | | | हो |

२.समुदाय-स्तर संस्थाहरूको संचालन एकीकृत गर्दै फराकिलो गर्ने

**जिम्मेवार:** वडा अध्यक्षहरू (वैकल्पिक रूपमा दलित वा सीमान्तकृत समुदायका सदस्यहरू)

**जवाफदेही:** उप-मेयर

**परामर्श गरिएको:** बालबालिका र बाल क्लबहरू

**सूचित:** स्थानीय कानून प्रवर्तन प्रतिनिधि

| क्र.सं. | **काम** | **सूचक** | **२०२२** | **२०२३** | **२०२४** | **२०२५** | **२०२६** |
|---|---|---|---|---|---|---|---|
| २.१ | विषयवस्तु विकास, लामो संकट र आपतकालीन कार्यक्रमको रूपमा बाल संरक्षणलाई औपचारिक बनाउन वरिष्ठ नेतृत्वबाट आवश्यक स्वीकृति प्राप्त गर्ने | कटहरिया नगरपालिकाले सुरु गरेको वा समर्थन गरेको सामाजिक-आर्थिक परियोजनाको प्रतिशत जसमा बाल संरक्षण समावेश छ | १०% | ३०% | ५०% | ५०% | ५०% |
| २.२ | नगरपालिकाका उपकरणहरू, तालिमहरू र प्रक्रियाहरूमा बाल संरक्षणलाई क्रस-कटिंग विषयवस्तुको रूपमा सान्दर्भिक एकीकृत गर्ने | बाल संरक्षणलाई एकीकृत गर्ने नयाँ वा अद्यावधिक नगरीय उपकरणहरूको संख्या | १ | १ | १ | १ | १ |
| २.३ | बाल संरक्षण नीतिहरू विकास गर्न, मूल्यांकन सञ्चालन गर्न वा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्न आन्तरिक क्षमता निर्माण गर्न समुदायमा आधारित संस्थाहरूलाई प्राविधिक र रणनीतिक सहयोग प्रदान गर्ने | बाल संरक्षण प्राविधिक/रणनीतिक सहयोग प्राप्त गर्ने समुदायमा आधारित संस्थाहरूको संख्या | ३ | २९ | १८ | १५ | १५ |

**३. अनुगमन र मूल्याङ्कन बढाउनुहोस्**

**जिम्मेवार:** वडा अध्यक्षहरू (वैकल्पिक रूपमा दलित वा सीमान्तकृत समुदायका सदस्यहरू)

**जवाफदेही:** उप(मेयर

**परामर्श गरिएको:** बालबालिका र बाल क्लबहरू

| **सूचितः** स्थानीय कानून प्रवर्तन प्रतिनिधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | काम | सूचक | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ |
| ३.१ | समुदायमा आधारित संस्थाहरू र I/NGO हरूद्वारा बाल संरक्षणमा लागू गरिएका कार्यक्रमहरूलाई समर्थन र अनुगमन गर्न नगरपालिका स्तरमा बलियो र प्रभावकारी अनुगमन, प्रतिवेदन र समन्वय संयन्त्रलाई सुदृढ गर्ने | बाल संरक्षण समस्याहरू पहिचान गर्न र बाल संरक्षण संयन्त्रलाई बलियो बनाउन समुदायमा अनुगमन भ्रमण गर्ने | १ | ४ | ४ | ४ | ४ |
| ३.२ | बाल संरक्षणको एकीकरणको लागि स्पष्ट परिणामहरू, नतिजा, सूचकहरू, र दिशानिर्देशहरू विकास गर्ने र संचालन गर्ने | बाल संरक्षणको एकीकरणको लागि विकसित मापन फ्रेमवर्क को संख्या | | १ | | १ | |
| ३.३ | सिकेका पाठहरू बुझ्न र प्रगति र अर्को चरणहरूको पहिचान गर्न बाल संरक्षण नीति सहित बाल संरक्षण कार्य योजनाको समीक्षा गर्ने | बालबालिकाको दृष्टिकोण सहित तयार गरिएको बाल संरक्षण नीतिको समीक्षा सम्पन्न भयो | | | हो | | हो |
| ३.४ | नगरपालिका भित्र बाल संरक्षणलाई एकीकृत गर्न अनुगमन र प्राविधिक सहयोग प्रदान गर्ने | बालबालिकाको सुरक्षा (बालविवाह, बाल श्रम, शारीरिक दण्ड) लाई उच्च जोखिममा पार्ने कार्यहरूमा केन्द्रित भएर उप-मेयरद्वारा सञ्चालन गरिएका अनुगमन स्थल भ्रमणहरूको संख्या | २ | २ | २ | २ | २ |

## ४. निष्कर्षः

कटहरिया नगरपालिका र RDC/IRN बीचको व्यापक सहकार्यमा यो कार्य योजना सफल भएको हो । यस कार्य योजनाले स्थानीय सरकारमा बाल संरक्षण प्रणालीको प्रवर्द्धन र सुदृढीकरणका लागि महत्वपूर्ण भूमिका खेल्ने यस टोलीको विश्वास छ । त्यसैगरी, परामर्श कार्य (माथि उल्लिेखित विधिद्वारा निर्देशित)द्वारा पत्ता लगाइएका बाल संरक्षणको क्षेत्रमा प्रमुख मुद्दाहरूले शिक्षामा रहेका मुख्य खाडलहरूलाई असुरक्षित रूपमा औंल्याइएको छ । त्यसपछि बालविवाह, बाल श्रम, दाइजो प्रथा, र लैङ्गिक (बाल कल्याणको यात्रामा प्रयास गर्दा प्रमुख बाधाहरूको रूपमा देखा परेको छ । यस कार्य योजनाले पूर्व-परिभाषित कोशेढुङ्गाहरू सहित समुदायका प्रमुख सरोकारवालाहरूको प्रमुख जिम्मेवारीहरूलाई विशेष रूपमा परिभाषित गरेर स्पष्ट मार्ग प्रदान गर्दछ । तसर्थ, यस कार्य योजनाले समुदायमा बसोबास गर्ने बालबालिकाका अभिभावक र समाजको हितको लागि महत्वपूर्ण मूल्य थप्न दिशानिर्देश अनुसार प्रमुख गतिविधिहरू समयमै सम्पन्न गर्न प्रमुख सरोकारवालाहरूको सक्रिय संलग्नतालाई सुनिश्चित गर्नेछ । साथै, कार्ययोजनाले सन् २०२६ सम्ममा बालमैत्री स्थानीय सरकारको आकांक्षा हासिल गर्ने नगरपालिकाको लक्ष्यलाई महत्वपूर्ण रूपमा पूरा गर्नेछ ।

## ५. एनेक्स:

### ५.१ विषय मापन

**बालबालिकाको मुख्य कारण विश्लेषण: केटीहरू**

| **पहिचान गरिएको:** | **प्राथमिकता बाल संरक्षण मुद्दाहरू** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **KII - उपमेयर** | १. बालबिबाह | २. विद्यालयमा व्यवस्थित शौचालयको अभाव | ३. छोरा र छोरी बीच भेदभाव | ४. लागू पदार्थको दुरुपयोग | ५. बालश्रम | | |
| **KII- वडा अध्यक्षहरु** | १.बालबिबाह | २. आमाबाबुबाट समय र मायाको अभाव | ३. भेदभाव | ४. गरिबी | ५. स्थानीय सरकारबाट अवसरहरू प्राप्त गर्न ज्ञानको कमी | ६. लागू पदार्थ दुरुपयोग | ७. बाल बेचबिखन |
| **KII- विश्वाशिला नेताहरु** | १. गरिबी | २. पुस्तक र कापीहरु खरिद गर्न समस्या | ३. महिनावारीक ा अवधिमा विद्यालय र घरमा सनेटरी प्याडको अभाव | | | | |
| **महिला बाल तथा ज्येष्ठ नागरिक विभाग** | १. गरिबी | २. बालश्रम | ३. बालविवाह | ४. विद्यालय छोड्ने | ५. लागू पदार्थ दुरुपयोग | | |
| **युवा क्लबका अध्यक्ष** | १. बालश्रम | २. दाइजो प्रथा | ३. लागूपदार्थको लत | ४. स्कूल छोड्ने | | | |
| **FGD (विद्यालय व्यवस्थापन समिति)** | १. गरिबी | २. अशिक्षित अभिभावक | ३. बालश्रम | ४. बेरोजगार | ५. बालविवाह | ६. गुणस्तरीय शिक्षाको अभाव | ७. विद्यालयमा उचित पूर्वाधारको अभाव |

***स्थलगत छलफलका मुख्य टिपोटहरू:***

१८ वर्ष मुनिका बालक र बालिकाको सामान्य समस्या बालविवाह र बालश्रम रहेको पाइएको छ। तर, १८ वर्ष मुनिका केटाहरूको प्रमुख समस्या विद्यालय छाड्ने र बालविवाह रहेको थियो भने केटाहरूले बालश्रमलाई मुख्य समस्याको रूपमा लिइएको छ । त्यसैगरी, वस्यस्कको दृष्टिकोणबाट गरिबी (पुरुष र महिला दुवै) बालबालिकाहरू माझ साझा समस्या थियो। बालविवाह, बाल श्रम र गरिबीलाई KII, महिलाका लागि FGD र बालबालिकाद्वारा बाल संरक्षण समस्याका रूपमा उल्लेख गरिएको छ।

## ५.२ मुख्य कारण विश्लेषण (RCA) र समुदायमा रहेका क्षमता

***बाल संरक्षण समस्याहरूको मूल कारणलाई सम्बोधन गर्न सुझाव गरिएका गतिविधिहरू***

**बालबालिकाको (RCA) : केटीहरू**

| **हरेक टोलीद्वार प्राथमिकतामा राखिएको (VAC) विषय** | **१८ वर्ष मुनिका छात्राहरुद्वारा पहिचान गरिएको गम्भीर मूल कारणहरु** | | | | **हरेक VAC विषयको लागि सबै समूहहरुमा साझा कारण(हरु)** |
|---|---|---|---|---|---|
| | **समूह १**<br>स्थानीय प्रतिनिधिहरु (मेयर र वडा अध्यक्षहरु) | **समूह २**<br>विश्वाशिला नेताहरु | **समूह ३**<br>बाल क्लबहरु | **समूह ४**<br>विद्यालय व्यवस्थापन समिति | |
| **१. बालबिबाह** | १. स्थानीय सरकारबाट अनुगमन, मूल्यांकन र समन्वयको अभाव हुनुपर्दछ र नेपाल सरकारको नीति र दिशानिर्देशलाई कडाइका साथ पालना गर्नुपर्छ।<br><br>२. गरिबी<br><br>३. सामाजिक सञ्जाल (फेसबुक, इन्स्टाग्राम, भाइबर, टिकटक र ह्वाट्सएप) | १. अशिक्षित परिवार<br><br>२. हेरचाहकर्ताबाट समयको अभाव।<br><br>३. केटीको उमेर बढी भएमा विवाहमा दाइजोको उच्च माग। | १. नगरपालिका र वडा तहबाट अनुगमनको अभाव। | १. गरिबी<br>२. निरक्षरता। | ➢ अनुगमनको अभाव<br>➢ गरिबी<br>➢ निरक्षर हेरचाहकर्ता। |

| | | | | | |
|---|---|---|---|---|---|
| **२. आमाबाबुबाट समय र मायाको अभाव** | हेरचाह गर्नेहरू अशिक्षित । | चेतनाको अभाव | गरिबी | सामाजिक परिवेश | गरिबी (हेरचाहकर्ता आफ्नो २ पटकको खानाको प्रवन्ध गर्न दैनिक ज्यालादारीमा जानुपर्छ) |
| **३. बाल श्रम** | बेरोजगारी, दक्ष शिक्षाको अभाव | गरिबी, चेतनाको अभाव, अशिक्षित अभिभावक | गरिबी | गरिबी, बेरोजगारी, शिक्षाको अभाव | गरिबी |
| **४. गरिबी** | | बेरोजगारी, शिक्षाको अभाव, शारीरीक अपाङ्गता | | | अशिक्षा र क्षमता अदक्षता |
| **५. भेदभाव** | | शिक्षाको कमी, नकारात्मक र अन्धविश्वास | अन्धविश्वास | | अन्धविश्वास |
| **सबै VAC समस्याहरुको लागि हरेक समूह प्रति साझा कारण(हरु)** | | **चेतनाको अभाव** | | | |

## ५.३ बालबालिकाको मूल कारण विश्लेषण: केटाहरु

***१८ वर्ष मुनिका केटाहरूको मूल कारण अन्तराल***

| **हरेक बालबालिकाको समूहद्वारा प्राथमिकतामा राखिएको VAC विषय** | **१८ वर्ष मुनिका केटाहरु द्वारा पहिचान गरिएका गम्भीर कारणहरु** | | | | हरेक **VAC** विषयको लागि सबै समूहहरुमा साझा कारण(हरु) |
|---|---|---|---|---|---|
| | **समूह १**<br><br>रामचन्द्र मा.वि बसवती जिङ्गाडिया | **समूह २**<br><br>गरुडा- ४ | **समूह ३**<br><br>श्री मा. वि. नयाँ गमहरिया, श्रीपुर | **समूह ४**<br><br>पोथियाही | |
| **१. बालश्रम** | बेरोजगारी, दक्ष शिक्षाको अभाव | गरिबी, चेतनाको अभाव, अशिक्षित | गरिबी | गरिबी, बेरोजगारी, | गरिबी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभिभावक | | शिक्षाको अभाव | |
| **२. बालविवाह** | शिक्षा र चेतनाको अभाव, अरुको नक्कल (देखासिखी) | | शिक्षाको अभाव, प्राचीन विचार | शिक्षा र चेतनाको अभाव | शिक्षाको अभाव |
| **३. भेदभाव** | | शिक्षाको कमी, नकारात्मक र अन्धविश्वास | अन्धविश्वास | | अन्धविश्वास |
| **४. गरिबी** | | बेरोजगारी, शिक्षाको अभाव शारीरीक अपाङ्गता | | | |
| **५. शिक्षाको अभाव** | | | | बेरोजगारी, चेतनाको कमी, अशिक्षित अभिभावक | |
| **६. लागू पदार्थको दुरुपयोग** | अरुको नक्कल गर्नु, जन्मजात | | | | |
| **सबै भीएसी समस्याहरुको लागि हरेक समूह प्रति साझा कारण(हरु)** | | | | | |

*बालबालिकाको साझा समस्या- १८ वर्ष मुनिका केटी र केटाहरु*

| हरेक बालबालिकाको समूहद्वारा प्राथमिकतामा राखिएको VAC विषय | बालबालिकाहरु द्वारा पहिचान गरिएका गम्भीर कारणहरु | | हरेक VAC विषयको लागि सबै समूहहरुमा साझा कारण(हरु) |
|---|---|---|---|
| | केटाहरु | केटीहरु | |
| **१. बालबिबाह** | शिक्षा र चेतनाको अभाव, अरुको नक्कल (देखासिखी), रुढीवादी विचार | चेतनाको अभाव, छोरा र छोरीबीचको भेदभाव | चेतनाको अभाव |
| **२. गरिबी** | बेरोजगारी, शिक्षाको अभाव, शारीरीक अपाङ्गता | असक्षम अभिभावक | |
| **सबै VAC समस्याहरुको लागि प्रत्येक समूह प्रति साझा कारण(हरु)** | शिक्षाको अभाव | | |

**पहिचान गरिएका मुद्दाहरू पूरा गर्न कार्य योजना:**

| क.स. | छोटो अवधिको कार्य योजना | दीर्घकालीन कार्य योजना | जिम्मेवार |
|---|---|---|---|
| १. | लघु परियोजना मध्यस्थता (व्यावसायिक प्रशिक्षण) | सचेतना कार्यक्रम । | कटहरिया नगरपालिका युवा विकास विभाग |
| २. | सचेतना अभियानका लागि सडक नाटक, युवा तथा बाल क्लबको परिचालन । | ५ वर्ष मुनिका बालबालिकालाई पोषण भत्ता । | कटहरिया नगरपालिका समाज कल्याण विभाग |
| ३. | हेरचाहकर्ताहरूलाई उनीहरूको आम्दानी बढाउन विशेष प्याकेज प्रशिक्षण । | समुदायमा बेटी बचाउ बेटी पढाउ अभियान । | मेयर |
| ४. | बालविवाह र बालश्रम अभियानका लागि स्थानीय सरकारसँग मिलेर काम गर्ने । | बहुक्षेत्रीय पोषण कार्यक्रम | कटहरिया नगरपालिका स्वास्थ्य विभाग |